## बाइबल: सेवकाईका निम्ति धनको मानचित्र

सेवकाईमा एक नयाँ (जवान) अगुवाको रूपमा परमेश्वरको वचन सबै कुरा हुन्छ र तपाईंले गर्ने अनि तपाईं जो हुनुहुन्छ ती सबैका निम्ति यो अत्यन्तै महत्त्वपूर्ण हुन्छ। तर तपाईंमा परमेश्वरको वचन के हो र त्यो वचनले हाम्रो जीवनमा कसरी काम गरेको परमेश्वर चाहनुहुन्छ त्यसको सही समझ (ज्ञान) हुनुपर्छ। यो हरेक सम्बन्धमा वचन (कुरा) को आवश्यक परेजस्तो हो। मेरी पत्नी र म, आमाबुबाको रूपमा मेरा छोराछोरीलाई, मेरा मित्रहरूलाई- हरेक सम्बन्धलाई वचन (कुरा) हरूको आवश्यकता पर्दछ। परमेश्वरसितको सम्बन्धलाई पनि वचन चाहिएको थियो र परमेश्वरले हामीलाई उहाँको वचन दिनुभयो। यो कुरा **२ पत्रुस १** अध्यायमा कसरी वर्णन गरिएको छ, सो हेर्नुहोस्। यो कुरा बुझ्नुहोस्, कि धर्मशास्त्र बाइबलको कुनै पनि शब्द (वचन) अगमवक्ताको आफ्नै व्याख्याद्वारा आएको होइन। त्यो वचन मानिसको इच्छाबाट आएको होइन, तर मानव अगमवक्ताहरू जब पवित्र आत्माद्वारा प्रेरित भए तब तिनीहरू परमेश्वरको तर्फबाट बोले।

बाइबलले आफ्नै बारेमा मुख्य रूपले के भन्छ भने, यसका लेखक परमेश्वर हुनुहुन्छ र उहाँसँग हाम्रो सम्बन्धका निम्ति परमेश्वरको सम्पूर्ण वचन येशूको तस्बीर (चित्र) हो अनि एक अगुवाको रूपमा हामी यो वचन अरूलाई बताउँछौं, यहींबाट हामी सुरु गर्दछौं। इमानदारीसाथ भन्नुपर्दा, मलाई यस्तो लाग्छ, कहिलेकहीं हामी परमेश्वरको वचनलाई मालिकको निर्देशनको पुस्तकजस्तो व्यवहार गर्दछौं। म मोटरगाड़ी किन्छु, अनि त्यो गाड़ीमा त्यससम्बन्धी निर्देशनको पुस्तिका हुन्छ, जुन मैले पढ़नुपर्छ, किनकि त्यो गाड़ी कसरी चलाउने भनी त्यसमा लेखिएको हुन्छ। तर म जान्दछु, गाड़ी किन्ने प्रायः सबैले त्यो निर्देशन पुस्तिका गाड़ी कै सानो बाकसमा राख्छ, र त्यो कहिल्यै पनि पढ़दैन। त्यो कसैले कहिल्यै पढ़दैन।

बाइबल मालिकको निर्देशनको पुस्तिका होइन। यसले तपाईंलाई दिशानिर्देशन गर्छ, तर बाइबल साँच्चै के हो भन्ने कुरा के तपाईं जान्नुहुन्छ?

यो धनको मानचित्र (नक्सा) हो।

यसले तपाईंलाई सत्यको खोजी गर्न सहायता गर्छ, जुन सुनको भाँड़ो जस्तो छ, यसले येशू को हुनुहुन्छ भन्ने कुरा प्रकट गर्दछ। यो कुरा **भजन १९:७** पदमा यसरी वर्णन गरिएको छः "परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई जीवित गराउने।" यो मालिकको निर्देशन पुस्तिका होइन। यो धनको मानचित्र हो। परमप्रभुका कानुनहरू विश्वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने। यसले तपाईंलाई दिशानिर्देशनहरू मात्र नदिएर तपाईंलाई र तपाईंको मन (सोच) लाई परिवर्तन गर्दछ।

परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द गराउने। मैले कहिल्यै पनि मलाई आनन्दित बनाउने मालिकको निर्देशनको पुस्तिका पढ़ेको छैनँ। तर परमेश्वरको वचनले त मेरो हृदयलाई आनन्दित बनाउँछ। परमप्रभुका आज्ञाहरू उज्ज्वल छन्, आँखालाई प्रकाश दिने।

यो तपाईंको जीवन र सेवकाईका निम्ति परमेश्वरको वचनले गरेको वर्णन हो। जब तपाईं बाइबल खोल्नुहुन्छ, तब तपाईंले यस्तो विचार गर्नुहोस् भन्ने आशा गरिन्छ, "म एउटा खोजीमा छु, अनि मैले त्यो बहुमूल्य कुरा (धन) प्राप्त गर्न सकूँ भनेर परमेश्वरका आत्माले मलाई अगुवाइ गर्दै र डोऱ्याउँदै हुनुहुन्छ। त्यो कुरा म मेरा मानिसहरूलाई बताउनेछु। त्यो म मेरो आफ्नै निम्ति ग्रहण गर्नेछु।" हामीले परमेश्वरको वचन प्रयोग गर्दा त्यो वचनले हाम्रो जीवन र सेवकाइलाई कस्तो प्रकारले प्रभाव पारेको परमेश्वर चाहनुहुन्छ भन्ने कुरा बुझ्नु महत्त्वपूर्ण हुन्छ। यो खण्डले हामी अगुवाहरूले प्रयोगमा ल्याउन पर्ने साँच्चै महत्त्वपूर्ण सिद्धान्तहरू दिंदछ। यसले भन्छ, परमेश्वरको वचनले प्राणलाई पुनर्जीवित पार्दछ। बाइबलको उद्देश्य तपाईंमा जीवन ल्याउनु हो, यसमा तपाईं येशूलाई पुनर्जीवित हुनुभएको, उहाँ इम्माउसतिर जाने बाटोमा हिंडिरहनुभएको देख्नुहुन्छ, त्यो बाटोमा दुई जना व्यक्ति छन्, जसले उहाँलाई चिन्दैनन्, उहाँले तिनीहरूलाई अगमवक्ताहरूका पुस्तकमा लेखिएका वचनहरू बताउनुहुन्छ, यसरी तिनीहरूले देख्न र बुझ्न सक्छन्।

जब तपाईं अब्राहामको विषयमा पढ़नुहुन्छ, जसको उल्लेख पावलले **रोमी** ४ अध्यायमा विश्वासद्वारा धर्मी ठहरिएका व्यक्तिको उदाहरणको रूपमा गरेका छन्।

जब तपाईं पुरानो करारको जाति र ख्रीष्टको चित्रणको प्रतिनिधित्व गर्ने दाऊदजस्ता राजाहरूलाई हेर्नुहुन्छ, यहाँसम्म कि जब तपाईं पुरानो करारका कुनै–कुनै व्यवस्थाहरू पढ़नुहुन्छ, तब ती कुराहरूले वास्तवमा ख्रीष्टलाई औंल्याइरहेका देख्नुहुनेछ, त्यसले ममा सबैतिर जीवन ल्याउँछ अनि यदि तपाईंले बाइबलबाट येशूलाई अलग गर्नुभयो भने तपाईं तो धन (मूल्यवान् कुरा) गुमाउनुहुनेछ।

यदि तपाईं येशूलाई बुझ्न, उहाँ को हुनुहुन्छ भनी जान्न, धर्मशास्त्रमा उहाँलाई कसरी हेरिएको छ भनी थाहा पाउनुको साटो आज्ञाहरू, प्रतिज्ञाहरू र सिद्धान्तहरू प्राप्त गर्न मात्र वचन (बाइबल) पढ़नुहुन्छ भने त्यसमा भएको साँचो धन तपाईंले छुटाउनुहुनेछ।

येशूले आफैलाई वचन भन्नुभयो। यसैले सबै प्रथम र महत्त्वपूर्ण कुरा भनेको जब तपाईं परमेश्वरले चाहनुभएको जस्तो जीवन आफूमा पाउनका निम्ति धर्मशास्त्र बाइबल पढ़नुहुन्छ त्यसबेला येशूलाई खोज्नुहोस्।

त्यसमा भएका विवरणहरूमा उहाँलाई देख्नुहोस्। दाऊद गोल्यतसँग लड़ेका र इस्राएली फौज भयभीत भएको जुन विवरण छ, त्यो येशूको चित्रण (तस्बीर) हो, एक जना यस्तो गोठालो जसले हाम्रो शत्रुलाई नाश पार्नुहुन्छ, यसैले हामी उहाँमा विश्वास गर्न र उहाँलाई पछ्याउन सक्छौँ।

सबैभन्दा पहिलो र महत्त्वपूर्ण कुरा भनेको, बाइबलको उद्देश्य तपाईंमा जीवन ल्याउनु हो। भजनसंग्रहले भन्छ यो विश्वसनीय छ, यसले निर्बोधलाई बुद्धिमान् तुल्याउँछ भन्दछ। अब हामीले यसलाई सरल रूपमा पढ़न थाल्नुपर्छ र हामीलाई बुद्धिको खाँचो छ भनी बाइबलले भनेको कुरा त्यत्ति राम्रो नलाग्ला, तर बाइबलले तपाईंलाई दिशानिर्देशन दिन्छ। यो अप्रसांगिक छैन। यसले जीवनको हरेक पक्षको बारेमा बताउँछ। मेरो एक जना असल मित्र थियो, जो एक व्यवसायी हुन्, तिनले अर्को व्यक्तिसँग मिलेर व्यवसाय गर्ने मौका पाएका थिए, तिनले मलाई भने, "जोयल, खै म त के गर्ने होला भनी अलमल्ल परेको छु।" मैले भनेँ, "तपाईं बाइबल पढ़नुहोस्। यसले तपाईंलाई बुद्धि र दिशानिर्देशन दिन्छ।" तिनले ट्वाल्ल परेर मलाई हेरे, यसैले म अझ कुराकानी गर्न तिनीसँग बसेँ।

हामीले त्यो खण्ड पढ्यौँ जहाँ असमान व्यक्तिहरूसँग एउटै जुवामा ननारिनु भनिएको छ।

मैले सोधेँ, "के यस व्यवसायी तपाईसँग मिलेर व्यवसाय गर्न चाहन्छन्? के उनी प्रभुमा विश्वास गर्ने व्यक्ति हुन्?

के व्यवसायको सम्बन्धमा उनको पनि तपाईंकै जस्तो मूल्य–मान्यताहरू छन्? अनि तपाईं उनीसँग मिलेर कसरी व्यवसाय गर्नुहुनेछ?

हामीले बाइबलबाट सल्लाह वा परामर्श दिने र त्यस्ता परामर्शले कसरी निर्णय लिन सहायता गर्छन् भनी बताउने खण्डहरू पढ्यौँ। मैले उनलाई सोधेँ, "के तपाईंले यो निर्णय लिनका निम्ति आत्मिक दाजुभाइ, दिदी–बहिनीसँग सल्लाह लिनुभएको छ? किनकि उनीहरूले दिने सल्लाहले तपाईंलाई यस विषयमा सहायता गर्न सक्छन्।"

बाइबलले हामीलाई यस्तो प्रकारको जानकारी (ज्ञान) दिन्छ, जुन हामीलाई चाहिन्छ। बाइबलको एउटा खण्डले भन्छ, कि हतारमा लिएको निर्णयको परिणाम राम्रो हुँदैन।

मैले सोधेँ, "के उनले तपाईंलाई निर्णय गर्न दबाब दिइरहेका छन्?"

परमेश्वरको वचनले मेरो मित्रलाई त्यो व्यक्तिसँग व्यवसायमा साझेदारी गर्ने कि नगर्ने भन्ने विषयमा असल दिशानिर्देशन दिनुभयो। यदि तपाईंले दिनहुँ बाइबलमा पाइने त्यस किसिमको दिशानिर्देशन खोज्नुभएन भने त्यो मूल्यवान कुरा (धन) गुमाउनुहुनेछ। यर्मिया अगमवक्ताले भने, "परमेश्वरको वचन खाओ।"

त्यो वचन तपाईंको हृदयमा र मनमा राख्नुहोस्, यसरी तपाईं येशू को हुनुहुन्छ भनी जान्नुहुनेछ, साथै तपाईंले जीवनमा लिनुहुने प्रायः सबै विषयको बारेमा दिशानिर्देशन प्राप्त गर्नुहुनेछ। यो भजनसंग्रहले यसो पनि भन्छ, सुन्नुहोस्, "तपाईंमा आनन्दको सही हृदय हुनुपर्छ, जुन सही हुनुपर्छ, र यसले तपाईंलाई यो आनन्दको हृदय दिनेछ। यो यस्तो अधिकार हो जसको परिणाम आनन्द हुनेछ।" बाइबल तपाईंमाथिको अधिकार हो। अहिले हामी यस्तो संसारमा जिउँछौँ जहाँ कुनै पनि व्यक्ति आफूमाथि अरूको अधिकार भएको चाहँदैन। तर हामी ख्रीष्टियनहरूले विभिन्न निर्णयहरू गर्नुपर्छ।

हामीले आफ्नो परिवार, रूपियाँपैसा, आफ्नो समय र सेवकाईको विषयमा निर्णयहरू गर्नुपर्छ।

म धेरै धन्यवादी छु, कि परमेश्वरले त्यस प्रकारका निर्णयहरू लिन हामीलाई एक्लो छाड्नुभएको छैन, तर बाइबल ममाथिको अधिकार हो। यसैले म बाइबलको वचन हेर्दै यसो भन्न सक्छु, "हे परमेश्वर, तपाईंले चाहनुभएको कुन निर्णय मैले लिनुपर्छ, जुन म तपाईंका निम्ति पूरा गर्न सक्छु?"

"के म तपाईंलाई केही सल्लाह दिन सक्छु?"

तपाईंले जब निर्णयहरू लिनुहुन्छ, तब तपाईंले हेर्नुभएको अधिकारलाई होसियारीसाथ चुन्नुहोस्।

यदि तपाईं आफैलाई मात्र हेर्नुहुन्छ भने त्यो सर्वोत्तम अधिकार हुँदन। तर जब तपाईं परमेश्वरको वचनलाई हेर्नुहुन्छ, तब सही अधिकारलाई हेरिरहनुभएको हुन्छ। के तपाईंलाई येशू पक्राउ पर्नुभएको बेलाको घटना सम्झना छ, जुन समय सिपाहीहरू त्यहाँ थिए र पत्रुसले ती सिपाहीहरूमध्ये एक जनाको कान काटिदिन्छन्? त्यस बेला येशू भन्नुहुन्छ, "होइन, पत्रुस। परमेश्वरको राज्यमा हामी त्यस्तो प्रकारले काम गर्दैनौँ।" अनि उहाँले सिपाहीको कान निको पारिदिनुहुन्छ र भन्नुहुन्छ, "आज राति यहाँ जे पनि भइरहेको छ त्यो धर्मशास्त्रको वचन पूरा हुनका निम्ति हुँदैछन्।"

येशूले भन्नुभयो, "यो सब परमेश्वरको योजनाअनुसार हुँदैछ।"

तपाईंले सेवकाईमा र जीवनमा गर्नुपर्ने प्रत्येक निर्णयका निम्ति परमेश्वरको वचनमा मूल्यवान् कुराहरू छन् जसले तपाईंलाई सही उत्तर दिन्छ र यो तपाईंमाथि भएको अधिकार हो। तर परमेश्वरको वचनलाई सल्लाहको रूपमा मात्र नभएर अधिकारको रूपमा लिनुभएन भने तपाईं त्यो मूल्यवान कुरा गुमाउनुहुनेछ। तपाईंलाई यसको म एउटा उदाहरण दिन चाहन्छु।

पावलले प्रेरितको पुस्तकमा येशूलाई उद्धृत गर्दै भन्छन्, "येशूले भन्नुभयो लिनुभन्दा दिनु अझ धन्य हो।" अनि पावलले येशूलाई उद्धृत गर्दछन्, जसले मुख्य रूपमा यसो भन्दै हुनुहुन्छ, "यदि तपाईं अरूलाई दिनुहुन्छ भने तपाईंले अरूबाट पाउँदा भन्दा बढ़ी आनन्दित हुनुहुनेछ।" जब तपाईं पहिलो पटक यो पढ़नुहुन्छ, तब भन्नुहुन्छ, "म यस कुरामा विश्वास गर्छु कि गर्दिनँ सो निश्चित छैनँ। यदि तपाईंले मलाई धेरै पैसा दिनुभयो भने, म धेरै नै खुशी हुनेछु।" तर पावलले के भनिरहेका छन्

भने, येशूले त्यस्तो शिक्षा दिएर के भन्न खोज्नुभएको हो भने हामीले परमेश्वरको राज्यमा यस्तो जीवन जिउनुपर्छ, जहाँ हामीले अझ उच्च स्तरको पहिचान, उदारताका निम्ति काम गर्नुपर्छ। त्यो वास्तवमा सत्य हुन्छ, त्यसो गर्दा तपाईं पैसा पाउनुमा भन्दा दिनुमा धेरै खुशी हुनुहुन्छ भनेर स्वाङ पार्नु पर्दैन।
त्यो एउटा सल्लाह मात्र होइन।
त्यो ख्रीष्टियन जीवनको साथै हाम्रो निम्ति भएको मौका र क्षमताको वर्णन हो। यो बाइबल त्यस बेला तपाईंको अधिकार बन्छ जब तपाईं यसो भन्नुहुन्छ, "यदि येशूले भन्नुभएको कुरा मेरो निम्ति उपलब्ध र सम्भव छ भने म त्यस्तो विचार राख्नेछु, जहाँ म पैसा पाउनुभन्दा पैसा दिनुमा अझ धेरै खुशी हुनेछु।"
अनि तपाईंको लागि एउटा धन भेट्टाइएको छ, अनि भजनकारले किन यसो भने त्यो तपाईं बुझ्नुहुनेछ, "अहो, के तपाईं जान्नुहुन्छ? बाइबल सही र सत्य छ, यदि तपाईंले त्यो धन फेला पार्नुभयो भने त्यसले तपाईंलाई ठूलो आनन्द दिनेछ।"
त्यसपछि भजनकारले यसो भने," यसले भन्छ, परमेश्वरको वचन उज्ज्वल छ, जसले उज्यालो दिन्छ। यसको अर्थ हो, तपाईंभित्र जुन ज्ञान छ, जुन ज्योति छ त्यो फेरि उज्यालो बन्छ, त्यो तपाईंमा चम्कन्छ, अनि त्यसद्वारा परिवर्तन हुन्छ। बाइबल पढ्ने कार्य जानकारी पाउनका निम्ति मात्र गर्नुहुँदैन।
परमेश्वरको वचन अध्ययन गर्नु भनेको जीवन परिवर्तन प्राप्त गर्नु हो।
तपाईंहरू मध्ये धेरै जनाझैं, म पनि त्यो व्यक्ति हुँ, जसले परमेश्वरको वचनको शिक्षा दिन्छु। तर म परमेश्वर मैले के सिकाएको तपाईं चाहनुहुन्छ भनी सोद्धै सुरु गर्दछु।
तपाईं ममा भएको कुन कुरा परिवर्तन गर्न चाहनुहुन्छ?
यसैले म जानकारी मात्र प्राप्त गरिरहेको हुँदिनँ, यो मालिकको मार्गनिर्देशनको पुस्तिका होइन।
यो धन प्राप्त गराउने नक्सा (मानचित्र) हो।
अनि यसद्वारा म जीवन परिवर्तन प्राप्त गर्दछु, अनि त्यहाँ साझेदारीमा काम भइरहेको जस्तो हुन्छ। स्वर्गारोहण हुन लाग्दा येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो,"म आत्मालाई तिमीहरूकहाँ पठाउनेछु। जसले मैले तिमीहरूलाई सिकाएका कुराहरू स्मरण गराउनुहुनेछ।" एक अर्थमा, उहाँले हाम्रो निम्ति योजना बनाइरहनुभएको थियो। जब तपाईं बाइबल खोल्नुहुन्छ, त्यस बेला तपाईं मात्र एक्लो हुनुहुन्न, तर पवित्र आत्मा पनि हुनुहुन्छ, पवित्र आत्माले वचन बुझ्न तपाईंलाई सहायता गर्नुहुनेछ।
अनि त्यस वचनले जानकारी मात्र नदिएर भित्रिय रूपमा जीवन परिवर्तन गराउँछ।
तपाईं अरू धेरै पुस्तकहरू पढ्न सक्नुहुन्छ, अनि पढ्न लायकका असल पुस्तकहरू धेरै छन्, ती पुस्तकहरूले सहायता गर्छन्। तर तपाईंले ती पुस्तकहरू पढ्नुहुँदा तपाईंको जीवनमा लागू गर्न सकिने जानकारीहरू प्राप्त गर्न मात्र पढिरहनुभएको हुन्छ। जब तपाईं परमेश्वरको जीवित वचन पढ्नुहुन्छ, तब तपाईं जीवन परिवर्तनको सँघारमा आउनुहुन्छ।
प्रार्थना नगरी र "परमेश्वरका आत्मा मलाई परिवर्तन गर्नुहोस्" नभनी बाइबल नखोल्नुहोस्।
म यो धनको नक्साद्वारा त्यो धन प्राप्त गर्न सकूँ, म भजनकारले भनेका त्यस उज्जवल ज्योतिमा परिवर्तन हुन सकूँ।" किनकि बाइबललाई यदि तपाईंले मालिकको पुस्तिका जस्तो मात्र ठान्नुभयो भने तपाईं त्यो मूल्यवान् कुरा प्राप्त गर्न सक्नुहुन्न।
तर यदि तपाईं उज्ज्वलता (प्रकाश) खोज्नुहुन्छ भने परमेश्वरको ज्योति ममा र मद्वारा आइरहेको हुन्छ, र तपाईंले त्यो देख्नुहुनेछ।
भजनकार भन्छन्, "सुन, यो हाम्रा आँखाका निम्ति प्रकाश हो।"
यो एक प्रकारले अन्तिम सत्र हो, जहाँ हामी भन्छौं, "अहो, यो मेरो निम्ति परमेश्वरको दर्शन हो।"
परमेश्वरको वचनको वर्णन हामीलाई **भजन १९** अध्यायमा दिइएको छ। त्यसले हामीलाई बाइबलको यो धनको नक्सा वास्तवमा हाम्रो निम्ति परमेश्वरको दर्शन हो भनी बुझ्न सहायता गर्दछ। यसले **पद ९** मा भन्दछ, "परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्मै स्थिर रहने। परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन्। सुनभन्दा पनि ती बढ़ी चाहना गर्ने योग्य छन्, निखुर सुनभन्दा पनि ज्यादै बढ़ी, चाकाभन्दा टप्कने महभन्दा बढ़ी गुलियो। तीबाटै तपाईंको दासले चेताउनी पाउँदछ। ती पालन गर्दा ठूलो इनाम मिल्नेछ। आफ्ना भुलहरू कसले थाहा पाउन सक्छ?"
मेरा गुप्त दोषहरू क्षमा गर्नुहोस्। आफ्नो दासलाई जानीबुझी पाप गर्नबाट रोक्नुहोस्, तिनीहरूको प्रभुत्व ममाथि हुन नपाओस्। तब म निर्दोष हुनेछु, र घोर अपराधहरूबाट म निर्दोष हुनेछु। हे परमप्रभु, मेरो चट्टान र मेरो हृदयका ध्यान तपाईंको दृष्टिमा ग्रहणयोग्य होऊन्।"
यो विवरणले हामी परमेश्वरको वचनकहाँ कसरी जानुपर्छ भनी स्पष्ट बताउँछ।
**भजन १९** मा दाऊद भन्छन्, "सुन, यो मिठो छ!"
जब तपाईं परमेश्वरको वचन खोल्नुहुन्छ र उहाँका आज्ञाहरू खोज्नुहुन्छ, त्यस बेला हरेक आज्ञामा असल कुराहरू खोज्नुहोस्, र उहाँले तपाईंलाई दिनुहुने आदेश र धन, अनि उहाँले तपाईंलाई दिनुहुने प्रकाशमा भलाइ छ, तिनमा मिठास छ।" दाऊद भन्छन्, मुखका शब्दहरू मनपर्दा (ग्रहणयोग्य) छन्।
परमेश्वरको वचन बोल्नुहोस्। धनको नक्सालाई हेर्नु र धन प्राप्त गर्नु एउटा कुरा हो, अनि त्यो धनलाई व्यक्त गर्नु अर्को कुरा हो। बाइबलले हामीलाई भन्दछ, हामीले परमेश्वरको वचन बोल्ने गर्नुपर्छ। यसो गर्नु भनेको परमेश्वरको वचनद्वारा उहाँसित जिउँदो

सम्बन्ध राख्नु हो। त्यसैकारण यो जीवित वचन हो। यसलाई मभित्र राख्दछु र यसले मलाई परिवर्तन गर्दैछ। यो मालिकको निर्देशन पुस्तिका मात्र होइन। तर वास्तवमा त्यो धनले मलाई परिवर्तन गर्दछ र यो मबाट बाहिर निस्किरहेछ। म यो बोलिरहेछु र त्यसले अझ बढ़ी उज्यालो बनाउँछ। परमेश्वरको वचनमा अधिकार हुन्छ, दाऊद भन्छन्, "आफ्ना भुलहरू कसले थाहा पाउन सक्छ?"

हामीमध्ये कसैसँग पनि आफैलाई सचेत बनाउने क्षमता हुँदैन, र हामी कमजोर छौं भनी बुझ्न पनि सक्दैनौं।

परमेश्वरले त्यो जान्नुहुन्छ, यसैले उहाँले हामीलाई उहाँको वचन दिनुहुन्छ। जब तपाईं वचन खोल्नुहुन्छ, त्यो ऐना जस्तै हुन्छ, त्यसले तपाईं कमजोर हुनुहुन्छ, कुन क्षेत्रमा तपाईं वृद्धि हुनुपर्छ र कुन कुरामा विकास गर्नुपर्छ भन्ने कुराहरू देखाउँदछ। अहिले तपाईंलाई आफ्नै केही कमजोरीहरूको ज्ञान छैन।

यदि तपाईं बाइबललाई मोटरगाड़ीको मार्गनिर्देशनको पुस्तिका जस्तो लिनुहुन्छ, जसले सेवकाईका निम्ति निर्देशनहरू मात्र दिन्छ, तर धनको नक्सा (मानचित्र) दिँदैन भने त्यसले म कस्तो किसिमको व्यक्ति हुँ भन्ने देखाउँछ। त्यसले मलाई जानकारीहरू दिँदछ। कुनै–कुनै नम्र बनाउने किसिमको हुन सक्छ, तर ती सबै असल हुनेछन्, किनकि त्यसले मलाई परिवर्तन गर्नेछ। दाऊद भन्छन्, "परमेश्वरको वचन सुन, उहाँ येशू हुनुहुन्छ।" उहाँ भन्नुहुन्छ, "म दोषरहित छु, म निर्दोष छु, म मुक्तिदाता हुनेछु।" बाइबलमा यस्तो अचम्मको धन छ।

नयाँ करारको पुस्तकमा एउटा सुन्दर कथा छ, जसले यस कुराको उदाहरण दिन्छ। येशू हिँडेर जाँदैहुनुहुन्छ, अनि रगत बग्ने रोग भएकी ती स्त्रीले मनमनै विचार गर्छे, "यदि मैले उहाँको वस्त्रको किनारा मात्र छुन पाएँ भने म निको हुनेछु। म जान्दछु, म निको हुनेछु।"

उसले उहाँको वस्त्रको किनारा छुनु किन जरूरी (महत्त्वपूर्ण) थियो? उ भीड़को बीचबाट मुश्किलले छिरेर जान्छे र उ आफैलाई र उसको संस्कृतिलाई जोखिममा पार्छे। उसले गरेकी सबै कुरा गलत साबित हुन्छ, तर अब उसले येशूको वस्त्रको किनारा मात्र छुन सकी भनी उ निको हुनेछे भनी जान्दछे।

के तपाईं यो स्त्रीलाई देख्नुहुन्छ?

उसले परमेश्वरको वचनलाई धनको नक्साको रूपमा जानी।

मलाई लाग्छ, उसले मलाकीले लेखेका वचन जान्दथी, वचनको त्यस खण्डमा 'चंगाइकर्ता आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ' भनिएको छ, यस मसीह आफ्ना पखेटाहरूमा चंगाइका यी पखेटाहरू लिएर आउनुहुनेछ। 'पखेटा' शब्दको अर्थ वास्तवमा वस्त्रको किनारा हो, एक रब्बीले पहिरिने वस्त्रमा हुने फुर्काहरू। यसैले मलाकीले भनेका कुरा उसले जान्दछे, "यस मसीहको वस्त्रको फुर्काहरूमा चंगाइ छ।" अनि उसले त्यो धन लिन्छे र त्यसलाई आफ्नो जीवनमा अप्नाउँछे। यसैले उसले भन्छे, "यदि मैले उहाँको वस्त्रको किनारा मात्र चुन सकेँ भने!" उसले परमेश्वरको वचनलाई आफ्नो जीवनमा वास्तविक बनाउँदैछे। अनि उसले प्रभुको वस्त्रको किनारा छुन साथै येशूबाट शक्ति निस्केर जान्छ र उ निको हुन्छे। अनि उहाँले हेरे भन्नुहुन्छ, "के भयो?"

"तिम्रो विश्वासले तिमीलाई निको पारेको छ।"

परमेश्वरको वचनले त्यस्तै कार्य गर्दछ।

कृपया, परमेश्वरको वचन बाइबललाई निर्देशन पुस्तिकाजस्तो मात्र नठान्नुहोस्।

यसलाई धार्मिक कर्तव्य जस्तो पनि नलिनुहोस्।

त्यो खोल्नुहोस्, पवित्र आत्मासँग केही समय बिताउनुहोस्, तपाईं भन्नुहोस्, "मलाई त्यो धन देखाउनुहोस्," र तपाईंलाई पूर्ण रूपमा परिवर्तन गर्ने अनुमति त्यसलाई दिनुहोस्।

अनि तपाईंको हृदयको आनन्द, तपाईंको जीवनको प्रकाश र तपाईंका वचनहरूमा तपाईं चुर्लुम्म डुब्नुहुनेछ र तपाईंले सेवकाईका निम्ति निर्देशन थाहा पाउनुहुनेछ। तपाईंले आफ्नो हृदयमा र मनमा शान्ति छाएको थाहा पाउनुहुनेछ। यो जीवित वचनले तपाईंलाई ठूलो प्रभाव पार्नेछ। परमेश्वरको वचनद्वारा उहाँसित सम्बन्धमा आउनुहोस्, किनकि हरेक सम्बन्धलाई शब्दहरू चाहिन्छ, र त्यसले सम्बन्धलाई जिउँदो बनाउँछ, यसैकारण परमेश्वरले हामीलाई बाइबल दिनुभएको हो। यो धेरै प्रकारले उहाँले हामीलाई दिन सक्नुहुने सबैभन्दा ठूलो वरदान हो, तर हामी वचनलाई कसरी हेर्छौं र योसँग कस्तो व्यवहार गर्छौं भन्ने कुराले यसद्वारा परमेश्वरले हाम्रो जीवनमा पार्नुहुने प्रभावमा फरक पार्दछ।

यो निर्देशन पुस्तिका होइन।

यो धनको नक्सा (मानचित्र) हो।

जानुहोस् र केही धन प्राप्त गर्नुहोस् र त्यसद्वारा तपाईंको सेवकाई र जीवन परिवर्तन भएको होस्।